## सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ३ वमोजिम सार्बजनिक गरिएको सूचना विवरण

(१) **निकायको स्वरुप र प्रकृति :** "क" बर्गको बाणिज्य बैंक ।

(२) **निकायको काम, कर्तब्य र अधिकार :** बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन,२०७३ मा व्यवस्था भए बमोजिम

(३) **निकायमा रहने कर्मचारी संख्या र विवरण :** कार्यरत कुल कर्मचारी संख्या २११५ रहेको र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । बैंकको व्यवस्थापन समितिमा रहेका पदाधिकारीहरुको नाम बैंकको वेभसाइट www.rbb.com.np मा उपलब्ध छ ।

(४) **निकायवाट प्रदान गरिने सेवा :** बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम "क" बर्गको इजाजतपत्र प्राप्त संस्थाले गर्न सक्ने भनी तोकिएका सम्पूर्ण बैंकिङ्ग सेवाहरु ।

(५) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :** सेवा प्रदान गर्ने निकायको शाखा संख्या २४० र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेभसाइट www.rbb.com.np मा राखिएको छ ।

(६) **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अविधि :** बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि सबै शाखा कार्यालयहरुमा रहेको नागरिक वडापत्रमा उल्लेख गरिएको छ ।

(७) **निर्णय गर्ने प्रकृया र अधिकारी :** बैंकको सर्बोच्च निकायको रुपमा संचालक समिति रहेको छ । संचालक समितिको निति निर्देशन तथा निर्णयहरुको अधिनमा रही व्यवस्थापकीय प्रमुखको रुपमा कार्य सञ्चालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई जिम्मेवारी प्रदान गरिएको छ भने कार्य प्रकृति अनुसार तहगत रुपमा निर्णय गर्ने ब्यवस्था रहेको छ ।

(८) **निर्णय उपर उजुरी सुन्ने अधिकारी :** ग्राहकहरुले गुनासो तथा उजुरी गर्नका लागि बैंकको केन्द्रीय स्तरमा बैंकको प्रमुख कार्यकारी अधिकृतको संयोजकतवमा केन्द्रीय कार्यालय स्तरीय गुनासो सुनुवाई समिति रहेको र ब्राञ्च अपरेशन विभागका विभागीय उप प्रमुख शिव प्रसाद चालिसेलाई गुनासो सुन्ने अधिकारीको रुपमा तोकिएको छ , प्रादेशिक कार्यालयमा प्रादेशिक प्रबन्धक तथा शाखा कार्यालयहरुमा शाखा प्रबन्धकलाई गुनासो सुन्ने अधिकारी तोकिएको छ । बैंक सम्वन्धी कुनै गुनासो भएमा टेलिफोन, चिठपित्र, अनलाईन पोर्टलवाट र इमेल **gunaso@rbb.com.np** मार्फत पठाउन सकिने ब्यवस्था मिलाईएको छ ।

(९) **सम्पादन गरेको कामको विवरणः** बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ वमोजिम "क" बर्गका बैकहरुले गर्न सक्ने सम्पुर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भइरहेको छ ।

(१०) **सूचना अधिकारीको नाम र पदः**

सूचना अधिकारी : देवेश प्रसाद लोहनी
पदः उपकार्यकारी अधिकृत
राष्ट्रिय वाणिज्य बैंक लि.
केन्द्रीय कार्यालय सिंहदरवारप्लाजा, काठमाण्डौं ।
फोन नं. ४-२५२५९५/२६१४
इमेलः **debesh.lohani@rbb.com.np**

साथै यस बैंकका सबै शाखा कार्यालयहरुमा सम्वन्धित शाखा प्रवन्धकहरुलाई शाखा कार्यालय स्तरीय सूचना अधिकारीको रुपमा तोकिएको छ ।

(११) **ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची :**

प्रचलित सम्पूर्ण ऐन, नियम विनियम र निर्देशनहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय वमोजिमका ऐन नियम, विनियम, कार्यविधि र निर्देशिकाहरु बैकिङ्ग कार्यमा प्रमुख रुपमा रहेका छन् ।

| | | | |
|---|---|---|---|
| १. | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ | २. | नेपाल राष्ट्र बैंक ऐन-२०५८ |
| ३. | बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन-२०५८ | ४. | कम्पनी ऐन-२०६३ |
| ५. | बैंकिङ्ग कसूर तथा सजाय ऐन - २०६४ | ६. | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ |
| ७. | धितोपत्र सम्वन्धी ऐन - २०६३ | ८. | सुरक्षित कारोवार ऐन - २०६३ |
| ९. | करार ऐन २०५६ | १०. | विनीमय अधिकारपत्र ऐन, २०३४ |
| ११. | विदेशी विनिमय (नियमित गर्ने) ऐन-२०१९ | १२. | नेपाल राष्ट्र बैंकवाट जारी हुने निर्देशिका तथा |

| | | | |
|---|---|---|---|
| | | | निर्देशनहरु |
| १३. | बैंकले तर्जुमा गरेका विभिन्न विनियमावली, निर्देशिका कार्यविधि तथा नितिगत ब्यवस्थाहरु | | |

**(१२) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण :**

बैंकको आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको-पत्र पत्रिकामा प्रकाशित हुदै अएको छ र बैंकको वेभसाइट **www.rbb.com.np** मा समेत रहेको छ ।

**(१३) बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**

बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।
प्रमुख कार्यकारी अधिकृत : किरण कुमार श्रेष्ठ
राष्ट्रिय वाणिज्य बैंक लि.
केन्द्रीय कार्यालय सिंहदरवारप्लाजा, काठमाण्डौं ।
फोन नं. : ४२५२५९५/२८१४, २८१५
इमेलः **kiran.shrestha@rbb.com.np**

**(१४) अघिल्लो आर्थिक बर्षमा सार्बजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण :**

यस बैंकले बैंकिङ्ग कारोवार सम्वन्धी कार्य गर्दै आईरहेको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।

**(१५) सार्वजनिक निकायको वेभसाइट भए सो को विवरणः**

**Website: www.rbb.com.np**

**(१६) सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सुचना र त्यस्तो सुचना संरक्षण गर्न तोकिएको समयावधी :**

सुचना वर्गिकरण गरिएको अवस्था नभएको ।
सुचनाको अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको ।

**(१६) सार्बजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएका भए सोको विवरण :**

बैंकको वित्तीय विवरणहरु बैंकको वेभसाइटमा तथा राष्ट्रिय स्तरको पत्र-पत्रिकामा त्रैमासिक रुपमा प्रकाशित गर्ने गरिएको छ । साथै अन्य विभिन्न विषयमा जानकारी तथा तथ्यांकहरु बैंकको वेभसाइट **www.rbb.com.np** मा राखिएको छ ।

राष्ट्रिय बाणिज्य बैंक लिमिटेड
केन्द्रीय कार्यालय
सिंहदरवार प्लाजा,काठमाण्डौ ।
फोन : ४२५२५९५
फ्याक्स नं : ४२२२९३१
इमेल : rbb.info@rbb.com.np
Website : www.rbb.com.np